# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, पुस ६ गते २०३१ साल [अतिरिक्ताङ्क ३७

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना

नेपाल राष्ट्र बैंक ऐन, २०१२ को दफा १८ को उप-दफा (१) अनुसार नेपाल राष्ट्र बैंकले निम्नबमोजिमको ढाँचा तथा आकार प्रकारको रू. ५। (पाँच) दरको नोट, रू. १०। (दश) दरको नोट, रू. ५००। (पाँचसय) दरको नोट, र रू. १०००। (एकहजार) दरको नोट यही २०३१ साल पौष १४ गतेदेखि चलन चल्तीमा ल्याउन नेपाल राष्ट्र बैंक ऐन, २०१२ को दफा १८ को उप-दफा (६) बमोजिम श्री ५ को सरकारबाट स्वीकृति दिइएकोले यो सूचना प्रकाशित गरिएको छ।

(क) नोटको दर रूपैयाँ पाँच

आकार १२२ × ७० मिलिमिटर

मुख्य रङ्ग गाढा रातो

720

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**नोटको रूपरङ्गको विस्तृत विवरणः—**

**अगाडिपट्टि**

नोटको बायाँपट्टि हल्का कलेजी रङ्गको पृष्ठभूमिमा राजकीय पोशाक पहिरिबक्सेको श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको दायाँतिर नजर होइबक्सेको श्रावक्ष चित्र हुन्छ। नोटको माथिल्लो किनारामा दायाँ र बायाँपट्टि जालिदार बुट्टाहरू हुन्छन्। नोटको माथिल्लो बायाँ कुनामा नेपालीमा ५ अङ्क र दायाँ कुनामा अंग्रेजीमा 5 अङ्क उल्लेख गरिएको हुन्छ।

नोटको मध्य भागमा हरियो रङ्गको काठमाडौंको तलेजु मन्दिरको चित्र हुन्छ। त्यसको माथिल्लो भागमा "श्री नेपाल राष्ट्र बैंक" भन्ने शब्दको मनि "श्री ५ को सरकारको जमानत प्राप्त" तथा "यसको रूपैयाँ भुक्तान माग्न आएमा नेपाल राष्ट्र बैंकबाट रूपैयाँ पाँच तुरुन्त पाइनेछ" भन्ने वाक्य उल्लेख भएको हुन्छ।

नोटको दायाँपट्टि बुट्टेदार चौकोसभित्र सेतो सतहमा श्रीपेचको पानी चित्र हुन्छ र सो माथि नेपाली मुद्राको चित्र हुन्छ। नोटको तल्लो भागको बायाँ तथा दायाँपट्टि जालिदार बुट्टाको पृष्ठभूमिमा क्रमिक सांकेतिक अक्षर र अङ्क (Prefix) सहितको नम्बर हुन्छन्। यस नोटको क्रमिक नम्बर क ००००0१ देखि शुरू हुन्छ।
$\overline{१}$

नोटको बीचको तल्लो भागमा जालिदार बुट्टाको पृष्ठभूमिमा नेपाल राष्ट्र बैंकका गभर्नरको हैसियतले कुलशेखर शर्माको दस्तखत छापिएको हुन्छ।

**पछाडिपट्टि**

नोटको बायाँपट्टि सेतो सतहमा श्रीपेचको पानी चित्र हुन्छ। पानी चित्रको दायाँ र बायाँपट्टि नेपाली काष्ठकलाको थाम हुन्छ र माथिपट्टि नेपाल राष्ट्र बैंकको निशाना छाप हुन्छ। नोटको पानी चित्रको तल्लो कुनामा नेपालीमा ५ को अङ्क र सोको दायाँपट्टि रातो जालिदार बुट्टाको पृष्ठभूमिमा रूपैयाँ पाँच उल्लेख भएको हुन्छ।

नोटको दायाँपट्टि माथिल्लो कुनामा नेपालको निशाना छाप अङ्कित हुन्छ र तल्लो कुनामा अंग्रेजीमा 5 को अङ्क उल्लेख गरिएको हुन्छ।

नोटको बीचको माथिल्लो भागमा "आमादाबलम" हिमालको दृश्य र त्यसको मनि खैरो रङ्गको पृष्ठभूमिमा चौरीको जोडा बायाँपट्टि फर्किएको चित्र अङ्कित हुन्छन् र त्यसको मनि अंग्रेजीमा Rupees five उल्लेख गरिएको हुन्छ।

सुरक्षाको निमित्त नोटको बायाँपट्टि कागजभित्र देखिने लामो धातुको धागो हुन्छ।

| | | |
|---|---|---|
| (ख) | नोटको दर | रूपैयाँ दश |
| | आकार | १३५ X ७० मिलिमिटर |
| | मुख्य रङ्ग | खैरो |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**नोटको रूपरङ्गको विस्तृत विवरणः–**

**अगाडिपट्टि**

नोटको बायाँपट्टि जालिदार चौकोसभित्र हल्का कलेजी रङ्गको पृष्ठभूमिमा राजकीय पोशाक पहिरिबक्सेको श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको दायाँतिर नजर होइबक्सेको आवक्ष चित्र हुन्छ। श्री ५ महाराजाधिराज सरकारको चित्रको माथिल्लो दायाँ तथा बायाँ भागमा काठमा कुँदिएका नेपाली शिल्पकलाका बुट्टाहरू हुन्छन्। नोटको बायाँपट्टि माथिल्लो कुनामा नेपालीमा १० को अङ्क र दायाँ कुनामा अंग्रेजीमा 10 को अङ्क उल्लेख गरिएको हुन्छ।

नोटको दायाँपट्टि जालिदार चौकोसभित्र सेतो सतहमा श्रीपेचको पानी चित्र अङ्कित हुन्छ र सोको माथिल्लो भागमा नेपाली मुद्राको चिह्न अङ्कित हुन्छ। पानी चित्रको माथिल्लो दायाँ बायाँ कुनामा काठमा कुँदिएको नेपाली शिल्पकलाका बुट्टाहरू हुन्छन्।

नोटको बीच भागमा फिका खैरो रङ्गको फाहा दिइएको चाँगुको गरुडनारायणको चित्र हुन्छ। त्यसको माथिल्लो भागमा "श्री नेपाल राष्ट्र बैङ्क" भन्ने शब्द रहन्छ। त्यसको मनि "श्री ५ को सरकारको जमानत प्राप्त" र "यसको रूपैयाँ भुक्तान माग्न आएमा रूपैयाँ दश तुरुन्त पाइनेछ" भन्ने वाक्य उल्लेख भएको हुन्छ।

नोटको तल्लो भागमा बायाँ र दायाँपट्टि जालिदार पृष्ठभूमिमा क्रमिक सांकेतिक अक्षर र अङ्क (Prefix) सहितको नम्बर हुन्छन्। यस नोटको क्रमिक नम्बर क/१ ०००००१ देखि शुरू हुन्छ।

नोटको बीचमा रहेको श्री चाँगुको गरुडनारायणको चित्र मनि नेपाल राष्ट्र बैंकको गभर्नरको हैसियतले श्री कुलशेखर शर्माको दस्तखत छापिएको हुन्छ।

**पछाडिपट्टि**

नोटको चारैतर्फ किनारामा जालिदार बुट्टाहरू हुन्छन्। नोटको माथिल्लो बायाँ कुनामा नेपालीमा १० को अङ्क र दायाँ कुनामा अंग्रेजीमा 10 को अङ्क उल्लेख भएको हुन्छ। बायाँपट्टि सेतो पृष्ठभूमिमा पानी चित्रको श्रीपेच हुन्छ र दायाँपट्टि सेतो पृष्ठभूमिमा नेपालको निशाना छाप अङ्कित हुन्छ। नोटको बीचको माथिल्लो भागमा नेपाल राष्ट्र बैंकको चिह्न र सो मनि रूखहरूको पृष्ठभूमिमा कृष्णसार मृगको जोडी बायाँतिर फर्केर जङ्गलमा चरिरहेको चित्र छापिएको हुन्छ।

नोटको तल्लो भागमा बायाँपट्टि नेपालीमा रूपैयाँ दश र दायाँपट्टि अंग्रेजीमा Rupees ten उल्लेख गरिएको हुन्छ।

725

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सुरक्षाको निमित्त नोटको बायाँपट्टि कागजभित्र देखिने लामो धातुको धागो हुन्छ।

(ग) नोटको दर — रूपैयाँ पाँचसय
आकार — १५६ × ७० मिलिमिटर
मुख्य रङ्ग — खैरो

नोटको रूपरङ्गको विस्तृत विवरणः–

अगाडिपट्टि

खैरो रङ्गको बादल बुट्टाको पृष्ठभूमिमा नोटको बायाँपट्टि राजकीय पोशाक पहिरिबक्सेको श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको दायाँतिर नजर होइबक्सेको आवक्ष चित्र हुन्छ। श्री ५ महाराजाधिराज सरकारको चित्रको बायाँपट्टि काष्ठकलाका बुट्टाहरू र तल माथि दुबै पट्टि खैरो मसिनो जाली बुट्टाहरू हुन्छन्। श्री ५ महाराजाधिराज सरकारको चित्रको दायाँपट्टि नोटको तल्लो किनारामाथि धातु कलाको इन्द्रको मूर्ति चित्र हुन्छ।

नोटको मध्य भागमा नीलो आकाशको पृष्ठभूमिमा प्याजी रङ्गको फाहा दिइएको "आमादाबलम" हिमशिखरको चित्र हुन्छ र सो चित्र मनि थानबोचेको गुम्बाको चित्र हुन्छ। माथि र तल्लो किनारामा काष्ठकलाका बुट्टाहरू र जालिदार बुट्टाहरू हुन्छन्। गुम्बाको चित्रको फेदीमा नेपाल राष्ट्र बैङ्कका गभर्नरको हैसियतले कुलशेखर शर्माको दस्तखत छापिएको हुन्छ। हिमशिखरको माथि र मध्य भागमा गरी "श्री नेपाल राष्ट्र बैङ्क" भन्ने शब्द तथा "श्री ५ को सरकारको जमानत प्राप्त" र "यसको रूपैयाँ भुक्तान माग्न आएमा नेपाल राष्ट्र बैङ्कबाट रूपैयाँ पाँचसय तुरुन्त पाइनेछ" भन्ने वाक्य उल्लेख भएको हुन्छ।

नोटको दायाँपट्टि नेपाली कलाका बुट्टाहरू भएको चौकोसभित्र सेतो सतहमा श्रीपेचको पानी चित्र हुन्छ। पानी चित्र माथि नेपाली मुद्राको चित्र र दायाँ किनारामा नेपाली कलाको [illegible] हुन्छ।

नोटको दायाँ र बायाँ छेउमा क्रमिक सांकेतिक अक्षर र अङ्क (Prefix) सहितको नम्बर हुन्छ। यस नोटको क्रमिक नम्बर क ००००0१ देखि शुरू हुन्छ।

पछाडिपट्टि

नोटको तलमाथि लम्बाइपट्टि नेपाली काष्ठकलाका बुट्टाहरूको साथै मसिनो जालिदार बुट्टाहरू हुन्छन्। बायाँपट्टि सेतो पृष्ठभूमिमा श्रीपेचको पानी चित्र हुन्छ। पानी चित्रको दायाँपट्टि नेपाली काष्ठकलाहरू अङ्कित भएको थाम हुन्छन्। पानी चित्रको बायाँ र दायाँ छेउको कुनामा क्रमशः नोटको दर नेपाली अङ्कमा ५०० र नेपाल राष्ट्र बैङ्कको चिह्नको चित्र हुन्छ।

५३० आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नोटको मध्य भागको माथिल्लो सतहको आकाशे पृष्ठभूमिमा "रूपैयाँ पाँचसय" भन्ने छापिएको हुन्छ। सोभन्दा मनि नदीमा दायाँतिर फर्की पानी पिउन लागेको एक जोडा बाघको चित्र हुन्छ। सो एक जोडा बाघको चित्र मनि मसिनो धर्कोहरूको पृष्ठभूमिमा **Rupees five hundred** छापिएको हुन्छ।

नोटको दायाँपट्टि माथिल्लो कुनामा नेपालको राष्ट्रिय निशाना छाप अङ्कित हुन्छ। यसैको मनि अर्धगोलाकार घेराभित्र मसिनो जालिदार बुट्टाको पृष्ठभूमिमा अंग्रेजी लिपीको अङ्कमा **500** उल्लेख गरिएको हुन्छ।

सुरक्षाको निमित्त नोटमा दायाँपट्टि माथिदेखि तलसम्म कागजभित्र देखिने धातुको धागो हुन्छ।

| | |
|---|---|
| (घ) नोटको दर | रूपैयाँ एकहजार |
| आकार | १७२ × ७० मिलिमिटर |
| मुख्य रङ्ग | फिका नीलो |

नोटको रूपरङ्गको विस्तृत विवरण:-

अगाडिपट्टि

नोटको बायाँपट्टि फिका कलेजी रङ्गको पृष्ठभूमिमा राजकीय पोशाक पहिरिबक्सेको श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको दायाँतिर नजर होइबक्सेको आवक्ष चित्र हुन्छ। नोटको बायाँ र दायाँतिरको माथिल्लो किनारामा फिका नीलो रङ्गको नेपाली काष्ठ-कलाका बुट्टाहरू अङ्कित गरिएका हुन्छन्। श्री ५ महाराजाधिराज सरकारको चित्रको दायाँपट्टि कमलको गट्टामाथि देवीको चित्र हुन्छ। गुलाफी तथा हल्का हरियो रङ्गको सतहमा जालिदार बुट्टाको पृष्ठभूमिमा स्वयम्भूनाथको स्तूप र अन्य देवस्थलहरूको चित्रहरू अङ्कित हुन्छन्। नोटको तल्लो भागमा फिका नीलो रङ्गको जालिदार बुट्टाहरू हुन्छन्।

नोटको दायाँपट्टि नेपाली काष्ठकलाका बुट्टाहरू अङ्कित भएको चौकोसभित्र सेतो सतहमा श्रीपेचको पानी चित्र हुन्छ। पानी चित्र माथि नेपाली मुद्राको चित्र हुन्छ। नोटको तल्लो भागमा बायाँ तथा दायाँ कुनामा जालिदार बुट्टाको पृष्ठभूमिमा १००० को अङ्क रहेको हुन्छ। सो अङ्कको माथितिर क्रमिक सांकेतिक अक्षर र अङ्क (**Prefix**) सहितको नम्बर हुन्छन्। यस नोटको क्रमिक नम्बर क $\frac{000001}{1}$ देखि शुरू हुन्छ।

नोटको बीचको माथिल्लो भागमा "नेपाल राष्ट्र बैङ्क" भन्ने शब्द मनि "श्री ५ को सरकारको जमानत प्राप्त" र "यसको भुक्तान माग्न आएमा नेपाल राष्ट्र बैङ्कबाट रूपैयाँ एकहजार तुरुन्त पाइनेछ" भन्ने वाक्य उल्लेख भएको हुन्छ। यस नोटको बीचको तल्लो भागमा देवस्थलहरूको पृष्ठभूमिमा नेपाल राष्ट्र बैङ्कका गभर्नरको हैसियतले कुलशेखर शर्माको दस्तखत छापिएको हुन्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पछाडिपट्टि

नोटको माथिल्लो भागमा र अरू माथि सबै किनारामा फिका नीलो रङ्गको नेपाली काष्ठकलाका बुट्टाहरू र मसिनो सेतो जालिदार बुट्टाहरू हुन्छन् । नोटको बायाँपट्टि नेपाली काष्ठकलाका बुट्टाहरूबाट बनेको गोलाकार फ्रेमभित्र श्रीपेचको पानी चित्र हुन्छ र पानी चित्रको माथिल्लो बायाँ कुनामा सूर्यको चित्र अङ्कित हुन्छ । नोटको मध्य भागमा दायाँतिर फर्केको मत्ता हात्तीको चित्र हुन्छ । हात्तीको दायाँपट्टि माथिल्लो र मध्य भागमा क्रमशः रूपैयाँ एकहजार र **Rupees one thousand** लेखिएको हुन्छ । सो अक्षरको तल्लो भागमा नेपाल राष्ट्र बैङ्कको चिह्न हुन्छ । नोटको दायाँतिर माथिल्लो कुनामा नेपालको निशाना छाप अङ्कित हुन्छ । नोटको तल्लो भागको बायाँ कुनामा नेपालीमा १००० र दायाँ कुनामा अंग्रेजीमा **1000** को अङ्क उल्लेख गरिएको हुन्छ ।

सुरक्षाको निमित्त नोटको दायाँपट्टि कागजभित्र देखिने लामो धातुको धागो हुन्छ ।

आज्ञाले–
भरतबहादुर प्रधान
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।